## अनुसूची ५

# नेपाल मानव अधिकार वर्ष पुस्तक बारे प्रदेश सरकारका धारणा

## प्रदेश १

मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा क्रियाशील अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को भूमिका महत्वपूर्ण छ। नेपालमा मानव अधिकारको अवस्था बुझ्नका लागि इन्सेकले हरेक वर्ष फागुन ७ गते प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक पठनीय र जानकारीमूलक छ। नेपालमा संविधान जारी भएपछि शासकीय प्रणाली परिवर्तन भएको छ। तीन तहको सरकारले मानव अधिकारका सवाललाई सम्बोधन गर्ने प्रयत्न गरिरहेका छन्। अहिले भइरहेका प्रयत्नलाई वृद्धि गरी नेपालमा मानव अधिकारका सवाललाई सुदृढ गर्न जरुरी छ। नेपालमा रहेका कारागार सुधारगृहका रूपमा परिणत गर्न आवश्यक रहेको छ। वर्ष पुस्तकले उठान गरेका कारागारका सवालहरूलाई सम्बन्धित निकायसम्म प्रभावकारी ढङ्गले अघि बढाउनु पर्दछ। राजनीतिक परिवर्तनसँगै नागरिकका सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक अधिकारका सवालहरूलाई राज्यले सम्बोधन गर्ने प्रयास गरेको छ। वर्ष पुस्तकले आगामी दिनमा नेपालको मानव अधिकार अवस्था सुधारका लागि विश्वव्यापी आवधिक समीक्षाबाट नेपाललाई प्राप्त भएका निर्देशन र तिनको कार्यान्वयनको अवस्थाका विषयहरू पनि समेट्ने छ भन्ने विश्वास लिएको छु।

मानव अधिकार संरक्षण र संवर्द्धनको विषयमा प्रदेश सरकारको तर्फबाट खेलिनुपर्ने भूमिका प्रदेश सरकार सदैव जिम्मेवार छ। इन्सेकसँग सहकार्य गरी मानव अधिकारको क्षेत्रमा कार्य सम्पादन गर्ने प्रतिबद्धतासहित वर्ष पुस्तक प्रकाशनको शुभकामना व्यक्त गर्दछु।

**हिक्मतकुमार कार्की**
मुख्यमन्त्री

## मधेस प्रदेश

नेपालको संविधानले व्यवस्था गरे अनुसार अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक) ले मानव अधिकार संरक्षण, संवर्द्धन लगायतको कार्यहरु निरन्तर रुपमा गर्दै आएको छ। यस संस्थाले सर्वसाधारणको मानव अधिकार संरक्षणको क्षेत्रमा निर्वाह गर्दै आएको भूमिका सरहानीय र प्रसंशनीय छ।

यसैबीच, इन्सेकले गत वर्ष २०२२ मा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई समेटेर यही फागुन ७ गते नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ प्रकाशन गर्न लागेको जानकारी पाउँदा हर्षित भएको छु। पुस्तकमा समेटिएका विषयवस्तु मानव अधिकारको संरक्षणमा मधेश प्रदेश सरकारको लागि सहयोग पुग्नेछ।

मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि मधेश प्रदेश सरकार सजग र प्रतिबद्ध रहेको छ। अन्त्यमा नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ प्रकाशनमा प्रत्यक्ष अप्रत्यक्ष भूमिका निर्वाह गर्नुहुने सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

**सरोजकुमार यादव**
मुख्यमन्त्री

## बागमती प्रदेश

मानव अधिकार र सामाजिक न्यायका लागि तीन दशकभन्दा पहिले स्थापना भएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले बहुदलीय व्यवस्था, शसस्त्र संघर्ष, २०६२/०६३ को जनआन्दोलन र संविधान सभाको निर्वाचनको समेत अनुगमन पर्यवेक्षण गर्दै आएको इन्सेकले देशमा भएको मानव अधिकारको अवस्थाको विस्तृत विवरण समेटेर सन् १९९२ देखि नेपाल मानव अधिकार वर्ष पुस्तक दस्तावेजको रूपमा निरन्तर प्रकाशन गर्दै आएको छ। यसैको निरन्तरता स्वरूप यस वर्ष प्रकाशन हुने “नेपाल मानव अधिकार

वर्ष पुस्तक २०२३" प्रकाशनको सन्दर्भमा शुभकामना व्यक्त गर्दछु।

जनतालाई आत्मनिर्भर भई आफ्ना अधिकारको माग गर्न सक्ने र राज्यले सुन्ने वातवरण बनाउन आग्रह पूर्वाग्रह, बिना पक्षधर भई काम गर्नुपर्ने आजको टड्कारो आवश्यकता छ। मानिसको बाँच्न पाउने नागरिक तथा राजनीतिक अधिकारको आन्दोलनबाट स्थापना भएको यस संस्थाले अब जनताका आधारभूत आवश्यकता र गुणस्तरीय सेवाको वकालत गर्न आवश्यक छ।

नेपालको संविधानले मौलिक हकमा सुनिश्चित गरेको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका मुख्य क्षेत्र शिक्षा, स्वास्थ्य, खाद्य, आवासको क्षेत्रमा गुणस्तरीय सेवा जनतालाई उपलब्ध गराउने कुराको सुनिश्चितताको पाटोलाई मानव अधिकारका आँखाले हेर्न र सेवा प्रदायक निकायलाई सेवाग्राहीमैत्री बनाउन आफ्ना कार्यक्रम सञ्चालन गर्न आवश्यक छ। बागमती प्रदेश सरकार संविधानले मौलिक हकको रूपमा समेटेको मानव अधिकारको संरक्षण गर्न र आफ्नो प्रदेश मातहतमा लागु गर्न सदैव तयार छ।

मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि प्रदेश, जिल्ला र स्थानीय तहस्तरीय संयन्त्र निर्माण गरी त्यसलाई परिणममुखी बनाउन प्रदेश सरकार क्रियाशील छ। संविधानमा मौलिक अधिकारको रूपमा सुनिश्चित गरिएको जनताको आधारभूत अधिकार शिक्षा, स्वास्थ्य, खाद्य र आवासको अधिकारका लागि नीति तथा कार्यक्रम मार्फत प्रत्येक स्थानीय तहमा सुविधा सम्पन्न अस्पताल र दक्ष जनशक्ति व्यवस्थापनलाई ध्यान दिइएको छ। विद्यालय एवम् क्याम्पसमा उच्च शिक्षा अध्ययन गर्ने छात्राहरूको लागि छात्रवृत्ति कार्यक्रम, एक विद्यालय एक नर्स, निःशुल्क औषधि, दुध, कृषि तथा पशुपालनमा अनुदान आदि कार्यक्रम प्रदेश सरकारको प्राथमिकतामा रहेका छन्।

प्रदेश सरकारले सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका आन्दोलनमा शहादत प्राप्त गरेका सहिद, बेपत्ता परिवार एवम् घाइते तथा अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई द्वन्द्वपीडितका साथ प्रदेश सरकार भन्ने कार्यक्रम अन्तर्गत स्वास्थ्य उपचार, सीप अभिवृद्धि र रोजगारी लगायतका कार्यक्रम सञ्चालन गरेको छ। यसका साथै, आवास विहीन जनताको लागि आवासको व्यवस्था, फुसको छानो विस्थापन कार्यक्रम, अल्पसङ्ख्यक लोपोन्मुख जातिको लागि विशेष आरक्षणसहितको कार्यक्रमहरू कार्यान्वयनमा रहेका छन्। आगामी दिनमा समेत बागमती प्रदेश सरकार नेपालको संविधानले प्रत्याभूत गरेको मानव अधिकारसँग सम्बन्धित विविध विषयहरूलाई कानुन निर्माण मार्फत् संरक्षण गर्ने तथा सरकारले उपलब्ध गराउनुपर्ने सेवाहरू नागरिकसमक्ष पुऱ्याउन प्रतिबद्ध रहेको छ।

अन्त्यमा प्रदेश सरकारले लिएको मानव अधिकार कार्य योजनाहरूमा इन्सेक लगायतका नागरिक संस्थाहरूसँगको सहकार्यले महत्वपूर्ण उपलब्धि प्राप्त हुने विश्वास गर्दै बागमती प्रदेश सरकारको तर्फबाट शुभकामना व्यक्त गर्दछु।

**शालिकराम जम्कट्टेल**
मुख्यमन्त्री

## गण्डकी प्रदेश

मानव अधिकारको क्षेत्रमा लामो समयदेखि क्रियाशील संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले नेपाल मानव अधिकार वर्ष पुस्तक निरन्तर प्रकाशन गर्दै आइरहेको र त्यसैको निरन्तरतास्वरूप यस वर्ष पनि पुस्तक प्रकाशन गर्न लागेको थाहा पाउँदा खुसी लागेको छ।

नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हकहरूमा नागरिकको मानव अधिकारलाई समावेश गरिएको छ। ती मौलिक हकको कार्यान्वयनको लागि र कहीं कतैबाट हनन् हुन नदिन प्रदेश सरकार प्रतिबद्ध छ। मानव अधिकारको अवस्थाको तथ्यगत र निष्पक्षरूपमा छानविन अहिलेको टड्कारो आवश्यकता हो। यस कार्यमा प्रकाशनले योगदान पुऱ्याउने अपेक्षा राखेको छु। मानव अधिकार कार्यान्वयनको अवस्था समेटिएको 'नेपाल मानव अधिकार वर्ष पुस्तक' नीति योजना निर्माणका लागि महत्वपूर्ण दस्तावेज हुने विश्वास लिएको छु।

यस गण्डकी प्रदेशमा मानव अधिकारको अवस्थामा सुधार ल्याउन 'नेपाल मानव अधिकार वर्ष पुस्तक' सहयोगी बन्नेछ भन्ने अपेक्षासहित निरन्तर प्रकाशनका लागि शुभकामना व्यक्त गर्दछु।

**खगराज अधिकारी**
मुख्यमन्त्री

## लुम्बिनी प्रदेश

नेपालको मानव अधिकार आन्दोलन र नागरिक सहभागिता तथा सामाजिक संस्थाहरूको कामको क्षेत्रमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले एक अग्रणी संथाको रूपमा काम गर्दै आएको छ। साथै मानव अधिकार तथा सामाजिक न्यान र नागरिकका अधिकारसँग सम्बन्धित विषयहरू समेटेर इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तकलाई मानव अधिकार क्षेत्रको एउटा साझा दस्तावेजको रूप लिएको समेत यहाँ उल्लेख गर्न चाहन्छु।

लोकतन्त्रको आधार स्तम्भको रूपमा मानव अधिकार संरक्षण, संवर्द्धन, परिपालना तथा जनउत्तरदायी र पारदर्शी शासन व्यवस्थाको पक्षमा लुम्बिनी प्रदेश सरकार प्रतिबद्ध रहेको कुरा यसैमार्फत जानकारी गराउँदछु। नयाँ संविधान जारी भएसँगै नागरिक तथा राजनीतिक अधिकार प्राप्तिको लामो आन्दोलन सफल भएको छ र नयाँ व्यवस्था बहाली भइसकेको छ। अब आर्थिक तथा सामाजिक अधिकार स्थापित हुने गरी र संविधानमा राखिएका मौलिक हकलाई कानुन बनाएर कार्यान्वयन गर्नका लागि तीनै तहका सरकार केन्द्रित छन्।

प्रदेश सरकारले समृद्ध प्रदेश: आत्मनिर्भर लुम्बिनीको लक्ष्यका साथ हामी समृद्धिका आधार कार्यान्वयन गर्ने काममा केन्द्रित रहेर कार्यक्रम बनाइरहेका छौं। इन्सेक जस्ता संस्थाहरूका अभियान अब अधिकारमुखी मात्रै होइन, कर्तव्य र जवाफदेहीतामा केन्द्रित गर्नुपर्ने प्रदेश सरकारले अपेक्षा राखेको छ। विधिको शासन, लोकतन्त्र, मानव अधिकारमैत्री कानुन तथा नीति निर्माण र कार्यान्वयनमा हामीले गर्दै आएको प्रतिबद्धतालाई झक्झकाउन र नागरिकमा अधिकारसँगै कर्तव्यको समेत उचित पालना गराउन इन्सेकले अबको अभियान अगाडि बढाओस् भन्ने कामना साथ इन्सेक अभियानलाई हार्दिक शुभकामना व्यक्त गर्दछु।

**लिला गिरी**
मुख्यमन्त्री

## कर्णाली प्रदेश

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले वार्षिक रूपमा मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरी मानव अधिकार उल्लंघन भएका र वर्षभर भएका घटनाहरूको सार्वजनिकीकरण गरी राज्य र सरोकारवाला सबैको ध्यान आकर्षण गर्दै आइरहेको छ। मानव अधिकार रक्षाको विषयमा इन्सेकले खेलेको भूमिकाको सराहना गर्दै यस वर्ष पनि मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरेकोमा धन्यवाद र खुशी व्यक्त गर्दछु।

मानवीय सूचकाङ्कको हिसाबले सबैभन्दा पछाडि रहेको कर्णाली प्रदेश अशिक्षा, गरिबी, अन्धविश्वास, बेरोजगारी, खाद्य असुरक्षा र विपन्नताबाट माथि उठ्न प्रयत्नशील छ। सडक यातायात, विद्युत सेवा, सञ्चार सेवा, स्वास्थ्य सेवा , शैक्षिक सेवा र स्वच्छ खानेपानी र सरसफाइबाट अझै वञ्चित रहेको अवस्थाका बावजूद पनि यस प्रदेश भित्र मानव अधिकारको रक्षाका लागि आफ्नो ध्यान आकृष्ट गर्दै आएको छ।

सामाजिक, सांस्कृतिक र धार्मिक अन्धविश्वास, रुढिवादी परम्परा, संस्कार, कुरीति र चेतनाको कमीका कारण धामीझाँक्री, बोक्सी,छाउपडी, बालबिबाह, अनमेलबिबाह, बहुविवाह, अन्तरजातीय विवाह, जुवातास, मदिरा आदिबाट सिर्जित मानव अधिकार उल्लंघन हुने झैझगडा, कुटपिट,घरेलु हिंसा, बालअधिकार र महिला अधिकारको हनन्बाट यातना , बलात्कार, हत्या, हिंसा र सार्वजनिक अपराध जस्ता घटना हुने गर्दछन्। यस्तो अवस्थामा कर्णाली प्रदेश सरकारले प्रदेशभित्र मानव अधिकारको संरक्षण र प्रबर्धन गर्ने कार्यलाई उच्च प्राथमिकता दिई समाजमा शान्ति सुरक्षा र अमनचयन कायम राख्न नेपालको संविधानले प्रदान गरेको मौलिक हकहरूको कार्यान्वयन र प्रत्याभूति गर्न आफ्नो नीति, योजना र कार्यक्रममा जोड दिएको छ।

अन्त्यमा कर्णाली प्रदेश 'सरकारले समृद्ध कर्णाली र सुखारी कर्णालीबासी' बनाउने दीर्घकालीन सोचका आधारमा 'कर्णाली समृद्धि अभियान' शुरु गरेको छ। यस अभियानले कर्णालीबासीलाई रोजगारीको सृजना, शिक्षा, स्वास्थ्य, सडक पूर्वाधार, विद्युत, सञ्चार, स्वच्छ खानेपानी र सरसफाइ र गरिबी निवारणको क्षेत्रमा महत्वपूर्ण परिणाम प्राप्त हुने विश्वास लिएकाले मानव अधिकार सुनिश्चित हुने देखिन्छ।

**राजकुमार शर्मा**
मुख्यमन्त्री